नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं.: ४४११४०७
फयाक्स नं.: ४४१४५५२
Web Sites: www.nrb.org.np
पोष्ट बक्स नं. : ७३

## Capital Adequacy Reporting Format.xls भर्ने तथा पठाउने सम्बन्धी जानकारी:

१. आवश्यक तथ्याङ्क तथा सूचनाहरु भर्नुपर्ने Cell लाई सेतो रङ्ग दिइएको छ । अन्य रङ्गका Cell हरु Lock गरी Protect गरिएको छ ।

२. Home Page का आवश्यक सूचनाहरु सबैभन्दा पहिले भर्नु पर्नेछ । बैंक कोड फिल्डमा कोड इन्ट्री गर्नासाथ सबै फारामहरुमा बैंकको नाम देखिने छ । बैंकहरुको कोड सोही फाइलमा उपलव्ध छ ।

३. यस फाइलको एउटा Cell मा Entry गरेको Data अर्को Cell मा सार्नु परेमा Copy/Paste गर्नु पर्नेछ । Cut/Paste गर्न वा Drag गर्न हुने छैन ।

४. फाराम नं. १ (FN 1) को पूरक पूंजी (Supplementary Capital) अन्तर्गत Subordinated Term Debt शीर्षकमा राखिएको रकम बढीमा प्राथमिक पूँजीको ५० प्रतिशत सम्म मात्र जोडिने व्यवस्था रहेको छ भने सामान्य कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision) मा राखिएको रकमको बढीमा जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत रकम मात्र जोडिने व्यवस्था रहेको छ । यसैगरी, सम्पत्ति पुनरमूल्याङ्कन कोषको रकम कुल पूरक पूँजीको २ प्रतिशत सम्ममात्र स्वत: रुपमा जोडिने व्यवस्था रहेको छ । साथै, पूरक पूँजी प्राथमिक पूँजी भन्दा बढी भएमा प्राथमिक पूँजीसम्मको रकममात्र कुल पूँजीमा जोडिने र प्राथमिक पूँजी नकारात्मक भएमा पूरक पूँजी कुल पूँजीमा समावेश नहुने व्यवस्थास समेत गरिएको छ ।

५. फाराम नं. ६ मा अन्तिम आर्थिक वर्ष छनोट गरेपश्चात् अन्य आर्थिक वर्षहरु आफै देखिने छन् ।

६. यस फाइलका Sheet हरुको अन्तमा Supporting Data पठाउन तथा Rough Work गर्नका लागि $W_1$ देखि $W_{10}$ सम्मका दशओटा खाली Sheet राखिएको छ । यी सीटहरुमा Regulatory Retial Portfolio, Residential Property आदि जस्ता विवरण समेत पठाउनु पर्नेछ ।

७. उपर्युक्त फारामहरु अनुसारका तथ्याङ्कको Ecopy तथा Hard Copy तोकिएको समयभित्र यस बैंकमा पठाउनु पर्नेछ ।

८. सबै फाराममा तथ्याङ्क रकम “क” वर्गका बैंकहरुले रु. दश लाखमा (Rs. in million) र “ख” वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरुले रु. हजारमा उल्लेख गर्नुपर्ने छ । तर, Form no. 4 (Exhibit of claims with Eligible Credit Risk Mitigants) र Form no. 7 (Risk Weighted Exposure for Market Risk) मा पूरा अंकमा रकम उल्लेख गर्नुपर्नेछ । सबै फारमहरुमा दशमलव पछिका दुई अङ्क समेत भर्नु पर्नेछ ।

९. विकास बैंकहरुले इ.प्रा.निर्देशन नं. १/०६९ बमोजिम तयार गरी यस बैंकमा पेश गर्नुपर्ने ने. रा. बैंक निर्देशन फा.नं. १.१ तथा १.२ साविक बमोजिम यथावत रुपमा तयार गरी पठाउनु पर्नेछ ।

१०. यस फाइलको नाम परिवर्तन गरी आफ्नो संस्थाको छोटकरी नाम, महिना र वर्ष (विक्रम संवत अनुसार) मिलाएर राख्नु पर्नेछ । उदाहरणको लागि: नेपाल बैंक लिमिटेडको २०६९ चैत्रको तथ्याङ्क पठाउँदा फाइलको नाम CAR NBL Chaitra 2069 राख्नु पर्नेछ ।

११. यस सम्बन्धमा थप जानकारीका लागि सम्बन्धित सुपरीवेक्षण विभागमा सम्पर्क गर्न सकिने छ ।

Capital Adequacy Reporting Format.xls पठाउने ठेगाना:

| **Class "A"** | **Class "B"** |
|---|---|
| Nepal Rastra Bank<br>Bank Supervision Department<br>Offsite Division<br>Baluwatar, Kathmandu<br>Phone: 4419804-7<br>Ext. 205, 206<br>email: bsdbasel2@nrb.org.np | Nepal Rastra Bank<br>Development Bank Supervision Department<br>Basel 2 Implementation Desk<br>Baluwatar, Kathmandu<br>Phone: 4419804-7<br>Ext. 237<br>email: nrbdbsdstat@nrb.org.np |